निर्णय नं. १

आर्थिक मामिला तथा योजना मन्त्रालय, १ नं. प्रदेश विराटनगरको कृषि औजार उपकरण तथा कृषि सामाग्री खरिद शिर्षकमा प्राप्त रु.२०,००,०००।– (विस लाख) अनुदान रकमवाट  नगरपालिकाको ८०%अनुदान र कृषकको २०% लागत सहभागीतामा तपसिलमा उल्लेखित कृषक समूहलाई आधुनिक खेती प्रणालीमा जान जमिन जोत्ने मिनी ट्रिलर  (हाते ट्याक्टर) र दुग्ध उत्पादक कृषक फर्मलाई बजार सम्म दुध ढुवानी गर्न टेम्पो खरिद गर्न अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

**(क) दुध ढुवानीका लागि टेम्पो उपलब्ध गराउने फर्महरु**

१. निलगिरी एकिकृत कृषि फर्म, ध.न.पा. ३
२. लक्ष्मी कृषि फर्म र भिमसेन कृषि फर्म, ध.न.पा. ६

**(ख) आधुनिक खेतीको लागि हाते ट्याक्टर उपलब्ध गराउने समूह, फर्म र व्यक्ति**

१. क्रान्ति अर्धव्यवसायिक कृषक समूह, ध.न.पा. ९ बेलहारा
२. माहाङ्ग कृषक समूह, ध.न.पा. ९ बेलहारा
३. बेलहारा कृषक समूह ध.न.पा. ९
४. फडेन्द्र पाठक, ध.न.पा. १ हिले
५. तिनतले टोल वस्ती संगठन, ध.न.पा. १ सिंजाली टोल
६. मार्गादेवी बहुउद्धेश्यीय सहकारी संस्था, ध.न.पा. १० डुम्रेसान्ने
७. हाङच्वा कृषक समूह ध.न.पा. ४
८. आठपहरिया कृषक समूह, ध.न.पा. ७
९. थानी कृषक समूह, ध.न.पा. ९
१०. माङफुङ कृषि समूह, ध.न.पा. ७
११. थिङ्ग टोल वस्ती संगठन, ध.न.पा.१
१२. कुवापानी  (क) टोल वस्ती संगठन ध.न.पा. १
१३. घलेडाँडा बहुउद्धेश्यीय कृषि सहकारी संस्था लि. ध.न.पा. १
१४. लामा टोल चोक्रोक टोल वस्ती संगठन, ध.न.पा. २
१५. कमलाबारी कृषक समूह, ध.न.पा. ९
१६. औद्योगिक ग्राम टोल वस्ती संगठन, ध.न.पा. ६, औद्योगिक ग्राम

निर्णय नं. २

धनकुटा नगरपालिका वडा नं. ३ बाट कागते जिरो सिप्तिङ्ग हुँदै झाँक्रीथान सम्म जाने कृषि सडक निर्माण भई रकम अभावका कारण भुक्तानी गर्न कठिनाई भएको तथा लक डाउनका कारण मानिसको भिडभाड हुने खालका कार्यक्रम सञ्चालन गर्न कठिनाई हने भएकोले तपसिलमा उल्लेखित ब.शि.नं. मा उल्लेखित रकमलाई कागते जिरो सिप्तिङ्ग हुँदै झाँक्रीथान सम्म जाने कृषि सडक निर्माण शीर्षकमा परिवर्तन  गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | ब.शि. नं. | शिर्षक | रकम | नयाँ कायम हुने शिर्षक | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | २२५२२ | अपाङ्गताका लागि सहायक सामाग्री वितरण | ५०,०००।– | कागते जिरो सिप्तिङ्ग हुँदै झाँक्रीथान सम्म जाने कृषि सडक | २,००,०००।– |
| २ | | जेष्ठ नागरिक क्षमता विकास | ५०,०००।– | | |
| ३ | | बाल क्लब क्षमता विकास | ५०,०००।– | | |
| ४ | | एकल महिला क्षमता विकास | ५०,०००।– | | |

निर्णय नं. ३

धनकुटा नगरपालिका वडा नं. २ को तपसिलमा उल्लेखित व.शी.नं. र शीर्षकका वडा स्तरिय योजनाहरुलाई निम्नानुसार शिर्षक परिवर्तन गरी कार्यान्वयन गने निर्णय गरियो ।

| सि.न. | ब.शि.नं. | साविक शिर्षक | स्वीकृत रकम | नयाँ कायम हुने शिर्षक | कायम हुने रकम |
|---|---|---|---|---|---|
| १ | ३११५९ | बाल उद्यान केन्द्र निमाण तथा व्यबस्थापन | ५,००,०००।– | चापाटार लामागाउँ चोक्रोक कात्तिके सडक स्तरोन्नती | ५,००,०००।– |
| २ | ३११५९ | चोक्रोक खेल मैदान | २,५०,०००।– | कोभिड १९ सँग सम्वन्धित विविध खर्च | २,५०,०००।– |

निर्णय नं. ४

धनकुटा नगरपालिकाका विभिन्न वडामा खानेपानी योजना सञ्चालन गर्न निम्न ब.शि.नं. को रकमवाट तपसिलमा उल्लेखित समूह, व्यक्तिहरुलाई उपलब्ध गराईएको पाईप अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं. | फर्म,समूह,व्यक्तिको नाम, ठेगाना | पाईपको र परिमाण | जम्मा रकम रु. |
|---|---|---|---|
| १ | पुनम राई ध.न.पा. ३ | २० एम एम. को ४०० मिटर पाइप | १५,८६५।– |
| २ | गाउँ सहकारी कृषक समूह ध.न.पा.१ | २५ एम एम को ८०० मिटर पाइप | ४८,८८८।३२ |
| ३ | कन्यादेवी टोलवस्ती संगठन ध.न.पा. ५ | २५ एम एम को ३०० मिटर पाइप | १८,३३३।१२ |
| ४ | बेलहारा बेंसी खहरेखोला ध.न.पा. ९ | ३२ एम एम को २०० मिटर पाइप | १९,८६०।८८ |
| ५ | बोखी अम्रेनी टोल, ध.न.पा. ९ | २५ एम एम को ५०० मिटर पाइप | ३०,५५५।–२० |
| ६ | मुलघाट टोल वस्ती संगठन ध.न.पा. ९ | ३२ एम एम को १००० मि. र ४० एम एम को १२०० मिटर पाइप | ३,०३,५५४।१६ |
| ७ | बुद्धिमान दर्जी, ध.न.पा.१० | २० एम एम को २०० मिटर पाइप | ७,९३२।६० |
| ८ | गुरासे खानेपानी समूह,ध.न.पा. २ | २००० लि.क्षमताको हिलटयांक २ थान थान र ५००० लि.क्षमताको हिलटयांक १ थान | १,२७,१२५।– |
| ९ | तिनतले टोल खानेपानी ध.न.पा.१ | २० एम एम को १८०० मिटर | ७१,३९३।४० |
| १० | पाडसिङ्ग खानेपानी योजना ध.न.पा. ६ | ३२ एम एम को १२०० मि. र ४० एम एम को २०० मिटर पाइप | १,१२,६६१।– |

निर्णय नं. ५

धनकुटा नगरपालिका वडा नं. ९ बाघखोर खेल मैदान शिर्षकमा स्वीकृत रकम रु. २५,००,०००।–(पच्चिस लाख) लाई आर्थिक मामिला तथा योजना मन्त्रालय, १नं. प्रदेश, विराटनगरको च.नं. २९७, मिति २०७७/ ०१/०३ को पत्रबाट कृषकहरुलाई कृषि बीउ बिजन, मलखाद र कृषि सामाग्री वितरण शिर्षकमा रकमान्तर भई आए पश्चात वडाको सिफारिसमा प्राप्त नामावली स्वीकृत गर्न गठित समितिले मकै, मुला, घिउसिमी, काउली, टमाटर, खुर्सानीको बीउ र चापकटर मेशिन वितरण गर्न गरेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

धनकुटा नगरपालिका प्रमुखको नेतृत्वमा कर्मचारी सहितबाट अनुगमन गरिएका तपसिलमा उल्लेखित योजनाहरुको अनुगमन प्रतिवेदन आजको बैठकमा पेश भई छलफल पश्चात अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं | योजनाको नाम र ठेगाना | अनुगमन मिति | कैफियत |
|---|---|---|---|
| १ | गोकुण्डेश्वर बालमन्दिर रिटेनिङ्ग वाल निर्माण ध.न.पा. ५ | २०७६/०८/२९ | |
| २ | पारिपात्ले धर्मशाला टोल विकास संस्थाको भवन निर्माण ध.न.पा. १० | २०७६/०९/१५ | |
| ३ | भण्डारी टोल खानेपानी विस्तार ध.न.पा. २ | २०७६/०९/१९ | |
| ४ | त्रिशुले चापे ग्रामिण सडक स्तरोन्नती, ध.न.पा. २ | २०७६/१०/०८ | |
| ५ | हिले पर्यटकिय गेट निर्माण ध.न.पा. १ | २०७६/११/१० | |
| ६ | चुवाबुङ्ग फडसुवा मेनलाइन खानेपानी विस्तार ध.न.पा. ७ | २०७६/१२/०९ | |
| ७ | Climate Smart Village at Dhankuta वडा नं. १,२,३ र १० | २०७७/०१/२४ | |

निर्णय नं ७

धनकुटा नगरपालिका उपप्रमुखको अध्यक्षतामा रहेको योजना अनुगमन तथा सुपरीवेक्षण समिति र कर्मचारीहरु सम्मिलित टोलीबाट गरिएको तपसिलमा उललेखित योजनाको अनुगमन प्रतिवेदन आजको बैठकमा पेश भई छलफल पश्चात अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं | योजनाको नाम र ठेगाना | अनुगमन मिति | कैफियत |
|---|---|---|---|
| १ | रायागाउँ मुख मार्गापोखरी सडक ध.न.पा. ९ | २०७६/०९/२४ | |
| २ | देब्रेबास समाज सुधार समिति, भवन निर्माण ध.न.पा. ४ | २०७६/०९/२१ | |
| ३ | आर.सि.सि. ट्यांकी निर्माण तथा पाइप लाइन विस्तर, ध.न.पा. २ | २०७६/०९/१५ | |
| ४ | जलकन्या शिवालय मन्दिर निर्माण, ध.न.पा.२ | २०७६/०९/१६ | |
| ५ | थुप्तेन देच्छेन छोलिङ्ग गुम्बा प्रशिक्षार्थी भवन निर्माण, ध.न.पा. १ | २०७६/१०/१४ | |
| ६ | पात्ले समूह घर(देउराली तामाङ्ग टोल वस्ती संगठन भवन निर्माण) ध.न.पा. ३ | २०७६/१०/२३ | |
| ७ | देवानटार सडक ढलाई योजना, ध.न.पा. ५ | २०७६/११/१४ | |
| ८ | औद्योगिक ग्राम सडक ढलाई ध.न.पा. ६ | २०७६/११/१८ | |
| ९ | स्लटर हाउस निर्माण ध.न.पा. ५ | २०७६/१२/२४ | |
| १० | कोशी ग्याँस देखि घुमाउने चौतारा सडक कालो पत्रे ध.न.पा. ७ | २०७६/१२/०२ | |
| ११ | चिरविरे चौतारा–टेकुनाला सडक मर्मत ध.न.पा. ७ | २०७७/०१/२० | |
| १२ | घुमाउने चौतारा फङसुवा सडक स्तरोन्नती ध.न.पा. ८ | २०७६/०१/१७ | |
| १३ | चुलीवन देउराली सडक ध.न.पा. ७ | २०७७/०१/११ | |
| १४ | रिदामाहाङ्ग रामालीहाङ्गमा टेकुनाला याक्ते सान्ताङ्ग सडक ध.न.पा. ८ | २०७६/०१/१७ | |
| १५ | बागेश्वरी ओमशान्ति मार्गा पात्ले राधाकृष्ण मन्दिर कृषि सडक स्तरोन्नती ,ध.न.पा. ३ | २०७७/०१/२६ | |

निर्णय नं. ८

चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडा नं .९ को वडा स्तरिय कार्यक्रम ब.शि.नं. ३११७१ देउराली मा.वि.सामान खरिद शीर्षकमा स्वीकृत रकमलाई निम्नानुसारका शिर्षकमा वाडफाँड गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निम्न

१. टमाटर बीउ खरिद रु. २,२७,७००।–
२. माक्स सेनिटाइजर खरिद रु.७७,७४७/–
३. वाघखोर खेल मैदान निर्माण रु. ९४,५५३/–

४,००,०००/-

निर्णय नं. ९

धनकुटा नगरपालिका वडा नं ९ को चालु आ.व. को वडास्तरीय स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित योजना तथा कार्यक्रमको शिर्षक परिवर्तन गरी निम्नानुसार कायम गर्ने निर्णय गरियो ।

| क्र. सं. | स्वीकृत कार्यक्रमको नाम | ब.शि.नं. | स्वीकृत रकम | नयाँ कायम हुने शीर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | कन्या देवी प्रा.वि. मर्मत | ३११७१ | ११०,०००।– | राजेन्द्र स्मृती खेल मैदान निर्माण | ५,६०,०००।– |
| २ | कौशिका आ.वि. मर्मत | ३११७१ | १,५०,०००।– | | |
| ३ | वालकल्याण आ.वि. तार घेरावारा | ३११७१ | १,००,०००।– | | |
| ४ | जेष्ट नागरिक सम्मान कार्यक्रम | २२५२२ | ५०,०००।– | | |
| ५ | टोल वस्ति सचेतना कार्यक्रम | २२५२२ | ५०,०००।– | | |
| ६ | महिला लक्षित कार्यक्रम | २२५२२ | १००००० ।– | | |

निर्णय नं. १०

चालु आ.व.को वडा नं .९ को वडा स्तरिय स्वीकृत कार्यक्रम ब.शि.नं. ३११७१ वालवालिका अवलोकन भ्रमणमा स्वीकृत रकम रु ३०००००/- मध्येवाट वाघखोर खेल मैदान निर्माणलाई रु १०००००/- उपलव्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ११

चालु आ.व. को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडा नं १ को वडास्तरीय कार्यक्रम अनुसार तपसिलमा उल्लेखित योजना तथा कार्यक्रमको शिर्षक परिवर्तन गरी निम्नानुसार कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | साविक कार्यक्रमको नाम | ब.शि. नं. | स्वीकृत रकम | नयाँ कायम हुने कार्यक्रमको शिर्षक | नया शीर्षकमा कायम भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | युवासंग जनप्रतिनिधि कार्यक्रम | २२५२२ | ५०,०००।– | लकडाउनका कारण समस्यामा परेका दैनिक ज्यालादारी मजदुर र श्रोत विहिन किसान लाई राहत वितरण | ४,५०,०००।– | |
| २ | जेष्ठ नागरिक तीर्थयात्रा कार्यक्रम | ३११३२ | १,००,०००।– | | | |
| ३ | बसपार्कका लागि जग्गा खरिद | ३१४११ | २,५०,०००।– | | | |
| ४ | महिला क्षमता विकास कार्यक्रम | ३११७२ | ५०,०००।– | | | |
| ५ | बसपार्कका लागि जग्गा खरिद | ३१४११ | १,००,००० | तारापिठ रिङ्गरोड बाटो ढलाइ | १,००,०००।– | |

## निर्णय नं. १२

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस कोभिड–१९ को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले २०७६ साल चैत्र ११ गते देखि गरेको लकडाउनका समयमा कार्यालय समयका अतिरिक्त सार्वजनिक बिदा, बिहान बेलुका कार्यालयको काममा खटिने कर्मचारीहरु मध्ये स्वास्थ्य क्षेत्रका कर्मचारीहरुलाई मासिक रुपमा खाईपाई आएको तलबको १२% र अन्य कर्मचारीहरुलाई मासिक रुपमा खाईपाई आएको तलबको १०% अतिरिक्त भत्ता उपलब्ध गराउने, भत्ता पाउने कर्मचारीको नामावली कार्यालयबाट पहिचान भई पेश पछि स्वीकृत गर्ने जिम्मा प्रमुखज्यूलाई दिने निर्णय गरियो ।

## निर्णय नं. १३

धनकुटा नगर कार्यपालिकाको मिति २०७५/०९/०९ को बैठकको निर्णय नं ९ मा कार्यालयको कामलाई प्रभावकारी रुपमा सम्पादन गर्न सरोकारवालासंग आवश्यक समन्वय र सहजीकरण गर्न सञ्चार खर्च वापत शाखा प्रमुख कर्मचारीलाई मासिक रुपमा रु.२,०००।–(दुई हजार) उपलब्ध गराउने उल्लेख भएकोमा कार्यालयको हालको संरचनालाई मध्येनजर गर्दै शाखा प्रमुखका अलवा उपशाखा प्रमुखलाई समेत २०७६ श्रावण १ गते देखि नै सञ्चार खर्च वापत प्रति महिना रु.२,०००।– उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. १४

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस कोभिड –१० को रोकथाम र नियन्त्रणका लागि नपाल सरकारले लागू गरेको लकडाउनका कारण समस्यामा परेका दैनिक ज्यालादारी मजदुर, श्रोत विहिन विपन्न किसानहरुलाई राहत उपलब्ध गराउन धनकुटा नगरकार्यपालिकाका प्रमुख, उपप्रमुख र सदस्यहरुले पाउने जेठ महिनाको मासिक पारिश्रमिक वापतको रकम प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरियो ।

## निर्णय नं. १५

धनकुटा नगर कार्यपालिकाको कार्यालयमा कार्यरत स्वास्थ्य क्षेत्र र सरसफाईकर्मी बाहेकका कर्मचारीहरु मध्ये अधिकृतस्तरका कर्मचारीहरुको मासिक तलबको २ (दुई) दिन (सो भन्दा वढी स्वच्छिक हुने),सहायकस्तर चौंथो र पाँचौ तहमा कार्यरत कर्मचारीहरुको मासिक तलबको १.५ (डेढ ) दिन र श्रेणी विहिन कर्मचारीहरुको मासिक तलबको १ (एक) दिनको रकम बैशाख महिनाको तलबबाट कट्टा गरी जम्मा हुने रकमबाट राहत सामाग्रीको कम्बो प्याक खरिद गरी कर्मचारीहरुको तर्फवाट नगरपालिकालाई हस्तान्तरण गर्ने व्यहोरा आजको बैठकमा जानकारी प्राप्त भयो ।

निर्णय नं. १६

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस कोभिड–१९ को रोकथाम तथा नियन्त्रणका सिलसिलामा धनकुटा नगरकार्यपालिकाको कार्यालयबाट तपसिलमा उल्लेखित शिर्षकमा भएको निम्नानुसारको खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

१. स्वास्थ्य सामाग्री खरिद रु.३,१४,५००।–
२. क्वारेन्टाइन व्यवस्थापन रु.२,६६,५००।–
३. स्प्रेयर खरिद रु.१७,०००।–
४. पि.पि.ई. र एन.९५ माक्स खरिद रु.२,३७,३००।–
५. मजदुर विद्यार्थी ल्याउदा गाडी भाडा रु.२,३५,९००।–

निर्णय नं. १७

चालु आ.व. को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ब.शि.नं. ३११७१ जनतासंग मेयर कार्यक्रममा स्वीकृत रकम रु. १०,००,०००।–(दश लाख)वाट खर्च भएर वाकी रहेको रकमवाट निम्नानुसार शिर्षकमा निम्न अनुसार रकम वाडफाँड गर्ने निर्णय गरियो ।

| सि.नं. | परिवर्तन गरिएको शिर्षक/योजना/कार्यक्रम | रकम रु. |
|---|---|---|
| १ | गत बर्ष नापी भएका घरलाई वितरण गर्न अपुग जस्तापाता खरिद | २,८५,०००।– |
| २ | प्रधानमन्त्री रोजगार कार्यक्रममा नगरपालिकाको साझेदारी | २,००,०००।– |
| ३ | हिले षडेश्वर भिरगाउँ सडक देखि वडा कार्यालय सडक वडा नं. २ | २,००,०००।– |
| ४ | द सेभेन युथ क्लब ध.न.पा. ७ खेलकुद सामाग्री खरिद | २०,०००।– |

निर्णय नं १८

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस कोभिड–१९ रोकथाम तथा नियन्त्रणको कामका सिलसिलामा खटिएका स्वास्थ्यकर्मी, सरसफाईकर्मी तथा लकडाउनको समय देखि नै कार्यालयको काममा निरन्तर रुपमा खटिएका कर्मचारीहरु र जनप्रतिनिधिहरुको कोभिड–१९ को कारण मृत्यु हुन गएमा नगरपालिको तर्फबाट प्रति व्यक्ति रु.२०,००,०००।–(वीस लाख) का दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १९

धनकुटा नगरपालिका CCMC को विभिन्न मितिमा सम्पन्न भएका वैठकले गरेका कोभिड-१९ व्यवस्थापन र खर्च सम्वन्धी निर्णयहरु आजको वैठकमा पेश भई छलफल पश्चात अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं २०

नेपाल सरकारवाट जारी भएको लकडाउनको समय वढिरहेकोले दैनिक ज्यालादारी मजदुर,स्रोत विहिन विपन्न किसान र डेरामा रहेका विधार्थीहरु खाधान्न संकटमा रहेकोले राहतको माग दिनप्रति दिन वढिरहेको छ । वडा कार्यालयवाट यस्तो अवस्थामा रहेका व्यक्तिहरुको नामावली संकलन पश्चात राहत वितरण गर्नु पर्ने संख्या एकिन गरी आगामी वैठकमा पेश गर्ने । नगरपालिका र वडा स्तरका सञ्चालन हुन वाकी रहेका योजनामा विनियोजित रकम, प्रकोप व्यवस्थापन कोषमा रहेको रकमवाट राहत व्यवस्था गरी आगामी वैठक पश्चात राहत वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं २१

धनकुटा नगरपालिका र स्पाईरल ग्रिड सोलुसन प्रा.लि. वीच मधुगंगा धाम धनकुटा नगरपालिका २ को विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने विषयमा सम्झौता भई कार्यादेश दिएकोमा स्पाईरल ग्रिड सोलुसन प्रा.लि का तर्फवाट प्रतिवेदन तयार गरी सरोकारवाला वीच प्रतिवेदन प्रस्तुत गरी प्राप्त भएका सुझावलाई समेटेर तयार गरेको मधुगंगा धाम धनकुटा नगरपालिका २ को विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

धनकुटा नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित व.शी.नं. र शीर्षकका योजनाको रकमलाई निम्नानुसार शिर्षक कायम गरी कार्यान्वयन गने निर्णय गरियो ।

| सि.नं. | ब.शि.नं. | साविक शिर्षक | स्वीकृत रकम | नयाँ कायम हुने शिर्षक | योजनामा स्वीकृत भएको रकम |
|---|---|---|---|---|---|
| १ | ३११७१ | युवा क्षमता विकास कार्यक्रम धनपा १० | १,००,०००।– | रामेश्वर शिवालय तथा जलशाही नारायण मन्दिर धनपा ५ | १,००,०००।– |
| २ | ३११५१ | वाघखोर माहाङ्ग सडक | १७,००,०००।– | रामेश्वर शिवालय तथा जलशाही नारायण मन्दिर धनपा ५ | ३०,०००।– |

निर्णय नं. २३

धनकुटा नगरपालिका ७ डाँडागाउ देखि वतासे डाडाजाने सडक स्तरोन्नति गर्ने कार्यका लागि चालु आ.व.को कन्टिन्जेन्सि रकमवाट रु ६०००००/- उपलव्ध गराउने गरी प्रमुखज्यूवाट भएको निर्णय (तोक आदेश) अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

चालु आ.व.को स्वीकृत कार्यक्रम व.शी. नं.३११७१ जनतासँग मेयर कार्यक्रममा स्वीकृत रकम रु १०,००,०००/- वाट रु २,५०,०००/-घटाई उक्त कार्यक्रममा रु ७,५०,०००/-कायम गर्ने र घटाईएको रु २,५०,०००/-व.शी.नं.३११७१ जनताको अपेक्षा नगरको सुभेक्षा शीर्षकमा थप गरी उक्त शीर्षकमा रु १,०२,५०,०००/- कायम गरी अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

चालु आ.व.को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलका व.शी. नं. मा उल्लेखित कार्यक्रममा स्वीकृत रकम लाई थप घट गरी निम्नानुसारका शीर्षकमा निम्नानुसार रकम कायम गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निम्न

| क्र. स. | साविको | | | | थप हुने कार्यक्रम र रकम | | | कायम हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| | व.शी.नं. | कार्यक्रमको नाम | स्वीकृत रकम | घटाउने रकम | व.शी. नं. | कार्यक्रमको नाम | थप रकम | |
| १ | ३१५११ | समपुरक कोष | ४००००००. | १३००००. | | संघ संस्था साझेदारी कार्यक्रम | १३००००. | २२७७०००. |
| २ | ३११५१ | चुवावोट श्रीवानीघुमाउने चौतारा सडक कालोपत्र | ३५००००० | ३६५०००. | ३११५९ | | ३६५००० | |
| ३ | ३११७१ | चुलीवन भ्यूटावर | २५००००० | ८२०००.० | | | ८२०००. | |
| ४ | ३११७१ | चुलीवन भ्यूटावर | | ५१८०००. | | प्लाष्टिक पोखरीका लागि प्लाष्टिक खरिद | ५१८०००. | २८१८००० |
| ५ | ३११३२ | मेयर कप खेलकुद | १००००००. | २००००. | | जस्तापाता खरिद | २००००. | ७००००. |
| ६ | ३११३२ | उप प्रमुख भलिवल कप | ३०००००. | ५००००. | | | ५००००. | |

निर्णय नं. २५

धनकुटा नगरपालिका र UNDP को संयुक्त लागत साझेदारीमा सञ्चालित Climate smart village at Dhankuta कार्यक्रमको Water smart अन्तर्गत प्लाष्टिक पोखरी निर्माण गर्न छनौट भई आएका किसानको नाम स्वीकृत गरी नगरपालिकाले खरिद गरी ल्याएको प्लाष्टिक उपलव्ध गराउन प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृत रहेको समितिलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं. २६

धनकुटा नगरपालिका क्षेत्र भित्र किसानले लगाएको मकै वालीमा व्यापक रुपमा फौजी किराले आक्रमण गरी वाली नष्ट पार्न थालेको हुनाले किरा नियन्त्रण कार्यका लागि विषादी खरिद गरी किसानलाई उपलव्ध गराउन चालु आ.व. को कन्टिन्जेन्सि रकमवाट रु ७५,०००/- उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २७

धनकुटा नगरकार्यपालिका वडा नं. २ मा रहेको श्रीमान् टंक माध्यामिक विधालयमा ई -हाजिरी, ई-वेल्ट र सोलार जडान का लागि रकम उपलव्ध गराउने गरी प्रमुखज्यूवाट भएको निर्णय (तोक आदेश) अनुसार श्रीमान् टंक माध्यामिक विधालयले ई -हाजिरी, ई-वेल्ट र सोलार जडान गर्दा भएको खर्च रु ८८,१४०/- चालु आ.व. को कन्टिन्जेन्सि रकमवाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २८

चालु आ.व.को स्वीकृत कार्यक्रम अन्तर्गत वडा नं. ९ को वडा स्तरीय कार्यक्रम अन्तर्गत तपसिलका व.शी. नं. मा उल्लेखित कार्यक्रममा स्वीकृत रकमलाई थप घट गरी निम्नानुसारका शीर्षकमा कायम गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने  निर्णय गरियो ।

निम्न

| क्र.स. | साविको | | | | थप हुने कार्यक्रम र रकम | | | कायम हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| | व.शी.नं. | कार्यक्रमको नाम | स्वीकृत रकम | घटाउने रकम | व.शी. नं. | कार्यक्रम को नाम | थप रकम | |
| १ | ३११७१ | भजन समुहलाई आस्यक सामग्री खरिद | ५००००. | ५००००. | | शैक्षिक सुधार | ५००००. | ३९००००. |
| २ | २२५२२ | सिंहदेवी वालवालिका दिवा खाजा कार्यक्रम | १,१०,०००. | ३५०००. | | | ३५००० | |
| ३ | २२५२२ | वालकल्याण वालवालिका दिवा खाजा कार्यक्रम | १,७०,००० | ८००००.० | | | ८००००.० | |
| ४ | ३११७१ | कन्यादेवी आ.वि. वालवालिका दिवा खाजा कार्यक्रम | ८००००. | २५०००. | | | २५०००. | |
| ५ | ३११७१ | वालवालिका अवलोकन भ्रमण | ३०००००. | २०००००. | | | २०००००. | |

निर्णय नं. ३९

चालु आ.व.को स्वीकृत कार्यक्रम अन्तर्गत वडा नं. २ को वडा स्तरीय कार्यक्रम अन्तर्गत तपसिलका व.शी. नं. मा उल्लेखित कार्यक्रममा स्वीकृत रकमलाई निम्नानुसारको शीर्षकमा कायम गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने  निर्णय गरियो ।

निम्न

| क्र.स. | साविको | | | | थप हुने कार्यक्रम र रकम | | | कायम हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| | व.शी. नं. | कार्यक्रमको नाम | स्वीकृत रकम | घटाउने रकम | व.शी. नं. | कार्यक्रमको नाम | थप रकम | |
| १ | २२५२२ | जनजाती लक्षित कार्यक्रम | ५००००. | ५००००. | | वेलवारी होक्टुवा खोप्चागाउ सडक निर्माण ध.न.पा.२ | ५००००. | २,५०,०००. |
| २ | २२५२२ | वाल वालिका लक्षित कार्यक्रम | ५०,०००. | ५००००. | | | ५००००. | |
| ३ | २२५२२ | महिला लक्षित कार्यक्रम | २८,००० | २८,०००. | | | २८,०००. | |
| ४ | २२५२२ | युवा लक्षित कार्यक्रम | ५००००. | ५००००. | | | ५००००. | |
| ५ | ३११५६ | जनजाती टोल माथिल्लो मुढे टोल खानेपानी व्यवस्थापन | ५००००. | ५००००. | | | ५००००. | |
| ६ | ३१४११ | वडा स्तरीय फुटवल ग्राउण्ड जग्गा खरिद | २५००००.० | २२०००.० | | | २२८००.० | |

निर्णय नं. ३०

चालु आ.व.को स्वीकृत कार्यक्रम अन्तर्गत वडा नं. ४ को वडा स्तरीय कार्यक्रम अन्तर्गत तपसिलका व.शी. नं. मा उल्लेखित कार्यक्रममा स्वीकृत रकमलाई निम्नानुसारको शीर्षकमा कायम गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने  निर्णय गरियो ।

निम्न

| क्र. स. | साविको | | | | थप हुने कार्यक्रम र रकम | | | कायम हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| | व.शी. नं. | कार्यक्रमको नाम | स्वीकृत रकम | घटाउने रकम | व.शी. नं. | कार्यक्रमको नाम | थप रकम | |
| १ | २२५१२ | दलितहरुका लागि सीप विकास कार्यक्रम | ५००००. | ५००००. | | राहत वितरण ध.न.पा.२ | ५००००. | २,००,०००. |
| २ | २२५१२ | महिला स्वास्थ्य स्वयमसेविकाद्धारा मातृशिशु स्याहार सम्वन्धी सचेतना | ५०,०००. | ५००००. | | | ५००००. | |
| ३ | २२५२९ | वडास्तरीय मेलमिलाप समिीको व्यवस्थापन | १,००,००० | १,००,००० | | | १,००,००० | |

निर्णय नं. ३१

चालु आ.व.को स्वीकृत कार्यक्रम अन्तर्गत वडा नं. ६ को वडा स्तरीय कार्यक्रम अन्तर्गत तपसिलका व.शी. नं. मा उल्लेखित कार्यक्रममा स्वीकृत रकमलाई निम्नानुसारको शीर्षकमा कायम गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने  निर्णय गरियो ।

निम्न

| क्र. स. | साविको | | | | थप हुने कार्यक्रम र रकम | | | कायम हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| | व.शी. नं. | कार्यक्रमको नाम | स्वीकृत रकम | घटाउने रकम | व.शी. नं. | कार्यक्रमको नाम | थप रकम | |
| १ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्वन्धी खर्च | ३०००००. | १३५०००. | ३११५१ | सिरान वजार ढल व्यवस्थापन | १३५०००. | ४३५०००. |
| २ | २२५१२ | कृषि सम्वन्धी तालीम | २,००,०००. | १,५०,०००. | | टमाटरको विउ खरिद | १,५०,०००. | १,५०,०००. |
| ३ | २२५१२ | कृषि सम्वन्धी तालीम | २,००,०००. | ५०,००० | | सडक वति व्यवस्थापन | ५०,०००. | ५०,०००. |

निर्णय नं. ३२

चालु आ.व.को स्वीकृत कार्यक्रम अन्तर्गत वडा नं. १० को वडा स्तरीय कार्यक्रम अन्तर्गत तपसिलका व.शी. नं. मा उल्लेखित कार्यक्रममा स्वीकृत रकमलाई निम्नानुसारको शीर्षकमा कायम गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने  निर्णय गरियो ।

निम्न

| क्र.स. | साविको | | | | थप हुने कार्यक्रम र रकम | | | कायम हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| | व.शी.नं. | कार्यक्रमको नाम | स्वीकृत रकम | घटाउने रकम | व.शी.नं. | कार्यक्रमको नाम | थप रकम | |
| १ | ३११३१ | कृषि तथा पशु पालन कार्यक्रम | १,००,०००. | १,००,०००. | | स्वास्थ्य संस्था भवनमा विजुली व्यवस्थापन | १०००००. | ३०००००. |
| २ | २२५१२ | मन्धरा खानेपानी योजना | ५०,०००. | ५०,००० | | | ५००००. | |
| | ३११५६ | चौधरी गाउ सिरान टोल खापायो | ५००००. | ५००००. | | | ५००००. | |
| ५ | ३११७२ | मेलमिलाप सम्वन्धी क्षमता विकास तथा तालीम | १०००००. | १०००००. | | | १०००००. | |
| ४ | ३११७१ | वालवालिका क्षमता विकास कार्यक्रम | ७५०००. | ७५०००. | | ३११७१ | स्वास्थ्य संस्था खानेपानी व्यवस्थापन | ७५०००. |
| ५ | २२५२२ | एकल / विधवा महिला विशेष सचेतना कार्यक्रम | ५००००. | ५००००. | | | स्वास्थ्य संस्था फर्निचर व्यवस्थापन | |

निर्णय नं. ३४

शान्ति सुरक्षाको कार्यमा सहयोग पुर्याउन धनकुटा नगरपालीका १ हिले वजारमा सिसि क्यामेरा जडान कार्यका लागि चालु आ.व.को कन्टिन्जेन्सी रकमवाट हिले वजार व्यवस्थापन समितिलाई रु १,५०,०००/- उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३४

चालु आ.व. मा सङ्घीय सरकारवाट हस्तान्तरित कार्यक्रम व.शी.न.२२५२२ एक स्थानीय तह एक वडा एक युवा क्लव एक उधम विषयमा प्राप्त रकम रु ५,००,०००/-वाट स्थानीय जातको लोकल कुखुरा पालन व्यवसाय सञ्चालन गर्न सिरान घर कृषक समुह धनकुटा नगरपालिका १ ओक्मालुडले पेश गरेको प्रस्ताव स्वीकृत गरी घुम्ती कोष स्वरुप ऋण उपलव्ध गराउने निर्णय गरियो ।